जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३३४ • २०८३ असोज ६ गते मंगलवार • 22 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## औरहीको नौ वटै वडामा नेपाली कांग्रेसको १५औं वडाअधिवेशन सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ५ असोज**

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको निर्देशन अनुसार महोत्तरीको औरही नगरपालिकाका नौवटै वडामा नेपाली कांग्रेसको १५औँ वडाअधिवेशन सम्पन्न भएको छ।

अधिवेशनबाट नौवटै वडामा सभापति सर्वसम्मत चयन हुनुभएको छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुनिलकुमार यादवको प्रमुख आतिथ्य तथा मधेस प्रदेश कमिटी सदस्य नरेन्द्र यादव र औरही नगर सभापति योगेन्द्र यादवको अध्यक्षतामा अधिवेशन सम्पन्न भएको हो। अधिवेशनमा पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूको सहभागिता रहेको थियो। अधिवेशनबाट वडा नं. १ मा सुजित यादव, वडा नं. २ मा नागेन्द्र साह, वडा नं. ३ मा लालकिशोर यादव, वडा नं. ४ मा रामपृत साह, वडा नं. ५ मा ब्रह्मदेव राय, वडा नं. ६ मा वीरेन्द्र यादव, वडा नं. ७ मा दिलीप यादव, वडा नं. ८ मा श्रीप्रसाद यादव र वडा नं. ९ मा महेन्द्र महतो सभापतिमा सर्वसम्मत चयन हुनुभएको छ। अधिवेशनमा पार्टी संगठन सुदृढीकरण, लोकतान्त्रिक मूल्य-मान्यता, जनतामुखी राजनीति तथा आगामी संगठनात्मक रणनीतिका विषयमा छलफल भएको थियो। सहभागीहरूले पार्टी संगठनलाई वडा तथा टोल तहसम्म थप सुदृढ, व्यवस्थित र क्रियाशील बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। प्रमुख अतिथि सुनिलकुमार यादवले कांग्रेसको संगठनलाई वडा तहदेखि नै बलियो बनाउनुपर्ने बताउनुभयो। उहाँले पार्टीको नीति, सिद्धान्त र लोकतान्त्रिक मूल्य-मान्यतालाई व्यवहारमा कार्यान्वयन गर्दै जनताको भावना र अपेक्षाअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो। पार्टीभित्र एकता, अनुशासन र सक्रियता कायम गर्दै संगठनलाई थप सुदृढ बनाउन सबै नेता तथा कार्यकर्ता एकताबद्ध भएर अघि बढ्नुपर्ने उहाँको भनाइ थियो।

विशिष्ट अतिथि मधेस प्रदेश कमिटी सदस्य नरेन्द्र यादवले पार्टी संगठनलाई वडा तहदेखि नै सुदृढ र व्यवस्थित बनाउन अधिवेशनले महत्वपूर्ण आधार तयार गरेको बताउनुभयो। उहाँले पार्टीको नीति तथा सिद्धान्तअनुसार जनताका समस्या र अपेक्षालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो। नेता तथा कार्यकर्ताबीच एकता, सहकार्य र समन्वय कायम गर्दै संगठन विस्तारमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

## एकडारा र सम्सीमा जिल्लास्तरीय अनुगमन तथा सामाजिक परीक्षण सम्पन्न

**मो.ईर्शाद**
**महोत्तरी, ५ असोज**



महोत्तरीका एकडारा गाउँपालिका र सम्सी गाउँपालिकामा सञ्चालित "HATEMALO for Child Well–being and Integrated Develop-ment Project" अन्तर्गतका विभिन्न कार्यक्रम तथा योजनाको दुईदिने जिल्लास्तरीय अनुगमन तथा सामाजिक परीक्षण सम्पन्न भएको छ। असोज ३ र ४ गते सञ्चालन गरिएको अनुगमन तथा सामाजिक परीक्षणका क्रममा दुवै गाउँपालिकाका विभिन्न वडामा सञ्चालित शिक्षा, स्वास्थ्य, खानेपानी, बाल विकास, बाल संरक्षण तथा जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रमको स्थलगत अवलोकन गरिएको थियो।

कार्यक्रमको सहजीकरण आईआरडीएस (IRDS), दलित समाज कल्याण समिति नेपाल (म्क्क्ष्क्ल) तथा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गरेका थिए। सामाजिक परीक्षणको जिम्मेवारी हिमावत कन्सल्ट प्रालि., बुद्धनगर, काठमाडौंलाई दिइएको थियो।सामाजिक परीक्षणका क्रममा संस्थाका कार्यकारी निर्देशक नवराज ढकालको नेतृत्वमा स्थलगत अवलोकन, सरोकारवालासँग छलफल तथा तथ्य सङ्कलन गरिएको थियो। जिल्ला स्तरीय अनुगमन भएकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ, स्वास्थ्य कार्यालय, जिल्ला पशुसेवा कार्यालय, कृषि ज्ञान केन्द्र, जिल्ला प्रहरी कार्यालय, गैरसरकारी संस्था महासङ्घ नेपाल तथा नेपाल पत्रकार महासङ्घ महोत्तरीका प्रतिनिधिलगायत विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो। त्यसै गरी, एकडारा र सम्सी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा अन्य जनप्रतिनिधिको समेत सहभागिता रहेको थियो। अनुगमनका क्रममा जनप्रतिनिधि, सरकारी निकायका प्रतिनिधि, लाभग्राही, समुदाय तथा अन्य सरोकारवालासँग परियोजनाको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती र आगामी आवश्यकताका विषयमा छलफल गरिएको थियो।अनुगमनका क्रममा विभिन्न वडामा निर्माण सम्पन्न तथा निर्माणाधीन खानेपानी संरचना, विद्यालयमा निर्माण गरिएका खानेपानी ट्याङ्की, विद्यालयका भौतिक संरचना तथा बालबालिकासँग सम्बन्धित शैक्षिक र सिकाइ कार्यक्रमको स्थलगत अवलोकन गरिएको थियो। एकडारा गाउँपालिकामा निर्माण

बांकी पृष्ठ ३ मा ।

## चिकित्सकमाथि हातपात गरेको आरोपमा दुईजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ असोज**




मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पताल जनकपुरधामको बर्थिङ सेन्टरमा चिकित्सकमाथि हातपात गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धनुषाको औरही गाउँपालिका-२ का २० वर्षीय विजय मुखिया र जनकपुरधाम उपमहानगरपालिका-८ की २६ वर्षीया सुधिरा मुखिया बिन रहेका छन्। प्रहरीका अनुसार २०८३ असोज १ गते साँझ करिब साढे ६ बजे बर्थिङका लागि अस्पताल आएकी महिलाका आफन्तहरूले अस्पतालमा कार्यरत चिकित्सक डा. सरोज साहमाथि हातपात गरेका थिए। घटनाको सूचना पाएलगत्तै खटिएको प्रहरी टोलीले घटनामा संलग्न उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। पक्राउ परेका दुवै जनालाई धनुषा जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ।

प्रहरीले उनीहरूमाथि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ३(ग) अन्तर्गतको कसूरमा अनुसन्धान भइरहेको जनाएको छ। घटनामा संलग्न अन्य व्यक्तिहरूको समेत पहिचान तथा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन्।


स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐनअनुसार यस्तो कसूर पुष्टि भएमा दोषीलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको प्रहरीले जनाएको छ।

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाईअको कुरा
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# नयाँ राजनीतिक संस्कारको खाँचो

अहिलेको परिवेशमा नेपालमा नयाँ राजनीतिक संस्कारको खाँचो रहेको देखिन्छ। अहिलेको सबैभन्दा ठूलो प्रश्न भनेको युवाको रहेको देखिन्छ । देशभित्र भविष्य देख्न थाले कि अझै पासपोर्ट बोकेर विमानस्थलको लाइनमा उभिनुपर्छ ? युवाको श्रम विदेश पठाएर रेमिट्यान्स ल्याउनुमात्र समृद्धि होइन । त्यो युवाको सम्भावनालाई देशभित्र उपयोग गर्न नसक्नु पनि रहेको छ। भ्रष्टाचार ! अनुहार फेरियो कि संस्कार ? : जेन-जीको आक्रोशको केन्द्रमा भ्रष्टाचार थिए । भ्रष्टाचार घुसमा मात्र सीमित छैन; राजनीतिक संरक्षण, अपारदर्शी नियुक्ति, पहुँचका आधारमा ठेक्का र सार्वजनिक स्रोतको दुरुपयोग पनि त्यसकै रूप हुन्। त्यसैले प्रश्न छ- भ्रष्टाचार गर्ने मानिस फेरिए कि भ्रष्टाचार गर्ने प्रणाली ? सडकमा विद्रोह गर्न सजिलो थियो। सत्तामा पुगेर त्यही विद्रोहको म्यान्डेटप्रति इमानदार रहनु कठिन रहेको देखिन्छ। अब हिसाब चाहिन्छ: एक वर्षपछि जेन-जी विद्रोहलाई पूर्ण सफल वा असफल भनेर टुंग्याउनुभन्दा यसको अधुरो म्यान्डेटतर्फ हेर्नुपर्छ। यसले पुरानो राजनीतिक वर्चस्वलाई चुनौती दियो र नयाँ पुस्तालाई राजनीतिको केन्द्रमा ल्यायो। अब त्यसको परिणाम नागरिकको जीवनमा देखिनुपर्छ। कति घाइतेले पूर्ण उपचार पाए ? कति अपांगको पुनर्स्थापना भयो ? शहिद परिवारले न्याय पाए कि पाएनन् ? छानबिन प्रतिवेदनका सिफारिस कति कार्यान्वयन भए ? १० बुँदे सहमतिका कति विषय पूरा भए ? कति युवाले देशमै रोजगारी पाए ? जनजीविकामा कति सुधार भयो ? यी प्रश्नको उत्तर भाषणले होइन, परिणामले दिनुपर्छ। किनकि जेन-जीको विद्रोह कुनै नयाँ नेता बनाउन भएको थिएन, नयाँ राजनीतिक संस्कार बनाउन भएका थिए ।

# शल्यक्रिया मार्फत छोरी जन्माएकी एक महिलाको उपचारका क्रममा मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ५ असोज**

सप्तरीको कञ्चनरूप नगरपालिका-१२, सिमरास्थित धर्मेश्वर अस्पतालमा शल्यक्रिया मार्फत छोरी जन्माएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएपछि आफन्तले चिकित्सकीय लापरवाही भएको आरोप लगाउँदै प्रदर्शन गरेका छन्। आफन्त तथा स्थानीयवासीको प्रदर्शनपछि अस्पताल परिसरमा तनावको अवस्था सिर्जना भएको छ।



अग्नीसाइर कृष्णासवरन गाउँपालिका-५, बकधुवाका अमित चौधरीकी २८ वर्षीया श्रीमती निर्मला चौधरीको उपचारका क्रममा आइतबार राति विराटनगरस्थित विराट टिचिङ अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो। निर्मलाले असोज २ गते धर्मेश्वर अस्पतालमा शल्यक्रिया मार्फत छोरीलाई जन्म दिनुभएको थियो। शल्यक्रियापछि स्वास्थ्यमा समस्या देखिएपछि उहाँलाई थप उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल भर्ना गरिएको थियो। त्यहाँ उपचारका क्रममा स्वास्थ्य अवस्था गम्भीर भएपछि थप उपचारका लागि विराटनगरस्थित विराट टिचिङ अस्पताल लगिएको थियो । उपचारकै क्रममा उहाँको आइतबार राति मृत्यु भएको प्रनाउ घिमिरेले बताउनुभयो । नवजात शिशुको अवस्था भने सामान्य रहेको उहाँले जानकारी दिनुभयो । मृत्युपछि आफन्तले निर्मलाको शव धर्मेश्वर अस्पताल परिसरमा ल्याएर चिकित्सकीय लापरबाहीका कारण मृत्यु भएको आरोप लगाउँदै प्रदर्शन गरेका हुन्।

# सामाजिक शान्ति खलल पार्न खोजेको आरोपमा एकजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ५ असोज**

सामाजिक सञ्जाल मार्फत विभिन्न व्यक्ति तथा समुदाय विरुद्ध आधारहीन, भ्रामक तथा धम्कीपूर्ण सामग्री प्रकाशन गरी सामाजिक शान्ति खलल पार्न खोजेको आरोपमा सिरहाका एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका-२४ का मनोज कुमार महतो 'मनोज मानव' रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। प्रहरीका अनुसार महतोले लामो समयदेखि उद्योगी, व्यवसायी, जनप्रतिनिधि, पत्रकार, राजनीतिक नेता तथा राष्ट्रसेवक कर्मचारी लगायत विभिन्न व्यक्तिविरुद्ध प्रमाण र आधारबिनाका सामग्री सामाजिक सञ्जालमा पोस्ट गर्दै आएको आरोप छ।

त्यस्ता सामग्रीबाट व्यक्तिको चरित्रहत्या गर्नुका साथै सामाजिक सद्भाव र शान्तिमा समेत असर पार्ने गतिविधि गरेको प्रहरीको दाबी छ। प्रहरीमा परेको जाहेरीका आधारमा साइबर अपराध तथा सार्वजनिक शान्ति खलल पार्न नहुनेसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिएको थियो । सोही पुर्जीका आधारमा खोजी गर्ने क्रममा महतोलाई उदयपुरको चतरा



पुलपारि एक होटलमा लुकिछिपी बसेको अवस्थामा असोज ४ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ। उदयपुर प्रहरीको सहयोगमा पक्राउ गरिएका महतोमाथि अहिले थप अनुसन्धान तथा कानुनी कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। प्रहरीका अनुसार महतोले आफूसँग स्वचालित हतियार रहेको र आफू पूर्व 'जनतान्त्रिक' लडाकु भएको भन्दै केही व्यक्तिलाई धम्की दिएको तथा हतियारको तस्वीर पठाएर आपराधिक लाभसमेत लिएको सूचना प्राप्त भएको छ।

यस घटनासँग सम्बन्धित भएर महतोबाट पीडित भएको वा कुनै किसिमको धम्की तथा आपराधिक लाभसम्बन्धी गतिविधिमा परेको भए जिल्ला प्रहरी कार्यालय सिरहामा सम्पर्क गर्न प्रहरीले आग्रह गरेको छ।


## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

अनुरोधकर्ता
पिपरा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# युनिसेफको प्रतिवेदन : पाकिस्तानमा १५ लाख बालबालिका अनलाइन यौन शोषणको जोखिममा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ असोज**

पाकिस्तानमा वार्षिक करिब १५ लाख बालबालिका अनलाइन यौन दुर्व्यवहारको सिकार हुने गरेको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) को प्रतिवेदनले देखाएको छ ।

सामाजिक कलङ्क, लाज तथा परिवार र समाजको प्रतिक्रियाको डरले अधिकांश पीडितले आफूले भोगेको घटना कसैलाई बताउने गरेका छैनन् । सुरक्षाका कारण नाम परिवर्तन गरिएकी १७ वर्षीया जारा शाह पनि अनलाइन गेम खेल्ने क्रममा एक अपरिचित व्यक्तिको सम्पर्कमा पुगेर यौन दुर्व्यवहारको प्रयासमा परे । उनका अनुसार ती व्यक्तिले मित्रवत् व्यवहार गर्दै विश्वास जितेपछि भेट्न बोलाउनुका साथै नग्न तस्बिर मागेका थिए । अस्वीकार गरेपछि परिवारलाई उनीहरूबीचको कुराकानी सार्वजनिक गरिदिने धम्की दिइएको उनले बताए । युनिसेफका अनुसार पीडितमध्ये करिब ८५ प्रतिशतका अपराधी परिचित व्यक्ति हुने गरेका छन् । अपराधीले अनलाइन गेम, मित्रवत् कुराकानी, उपहार, पैसा वा प्रेमको आश्वासनमार्फत बालबालिकाको विश्वास जित्ने गरेको प्रतिवेदनमा उल्लेख छ । करिब ७१ प्रतिशत पीडितले घटना कसैलाई नबताउने गरेका छन् भने सर्वेक्षणमा सहभागी कसैले पनि प्रहरी, हेल्पलाइन वा सामाजिक कार्यकर्तामार्फत औपचारिक उजुरी गरेका थिएनन् । बाल अधिकार संस्था पहचानकी निर्देशक मेहक नइमका अनुसार रिपोर्ट भएका घटनामध्ये करिब ४४ प्रतिशत पूर्णरूपमा अनलाइन हुने गरेका छन् र स्न्यापच्याट तथा ह्वाट्सएप बढी प्रयोग हुने माध्यममध्ये पर्छन् । पाकिस्तानमा १२ देखि १७ वर्ष उमेर समूहका करिब ७४ प्रतिशत बालबालिका इन्टरनेट प्रयोग गर्ने भएकाले अनलाइन सुरक्षा थप चुनौतीपूर्ण बनेको छ । यसैबीच पञ्जाब सरकारले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ । डिजिटल अधिकार अभियन्ता उसामा खिलजीले यस्तो प्रतिबन्ध कार्यान्वयन गर्न कठिन हुने तथा यसले बालबालिकाको अभिव्यक्ति स्वतन्त्रतामा असर पार्न सक्ने बताएका छन् ।

# निखिलको फिल्म ‘आचार्य’ को भारतमा पनि चर्चा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ असोज**



अभिनेता निखिल उप्रेतीको निर्माण, निर्देशन तथा अभिनय रहेको फिल्म ‘आचार्य’ को बलिउड मिडियामा समेत चर्चा हुन थालेको छ ।

शनिबार सार्वजनिक फिल्मको ट्रेलरलाई लिएर भारतका विभिन्न क्षेत्रका फिल्म पत्रकार तथा दर्शकले सामाजिक सञ्जालमार्फत ‘आचार्य’ को ट्रेलरबारे आफ्ना प्रतिक्रिया सार्वजनिक गरिरहेका छन् । विशेष गरी दक्षिण भारतदेखि भारतका अन्य फिल्म क्षेत्रसम्म नेपाली फिल्मको बदलिँदो स्तरबारे चर्चा हुन थालेको निर्माण पक्षले जनाएको छ । सामाजिक सञ्जालमा सार्वजनिक भएका विभिन्न भिडियो तथा प्रतिक्रियामा ‘आचार्य’ को ट्रेलरको एक्सन, प्रस्तुति, प्राविधिक पक्ष तथा निखिल उप्रेतीको उपस्थितिबारे चर्चा गरिएको देखिन्छ । ट्रेलर सार्वजनिक भएपछि नेपालमा पनि यसको एक्सन, निखिलको कम ब्याक शैलीको प्रस्तुति तथा फिल्मको निर्माण स्तरलाई लिएर चर्चा भइरहेको छ । निखिलकै होम प्रोडक्सनको ब्यानरमा बनेको फिल्म यही ९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । फिल्ममा निखिलको अलवा दक्षिण भारतीय कलाकार रघु बाबू र रघु करुमन्चीको अभिनय छ । पूर्णिका सिजापतिले यही फिल्ममार्फत नव-नायिकाका रूपमा डेब्यु गर्दैछिन् भने सजिना श्रेष्ठले पनि ‘आचार्य’बाटै अभिनयमा डेब्यु गरेकी छन् ।

# ३३ किलो लागुऔषध गाँजासहित तीन जना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**पर्सा, ५ असोज**

पर्सामा प्रहरीले दुई राउन्ड हवाई फायर गरेर ३३ किलो लागुऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । पटेर्वासुगौली गाउँपालिका-१ स्थित मलाही टोलमा अवैध गाँजाको कारोबार भइरहेको सूचनाका आधारमा प्रहरी टोली पुगेको थियो । प्रहरी टोलीले जाँच अघि बढाउने क्रममा गाँजा बोकेका व्यक्तिहरू भाग्न खोजेपछि उनीहरूलाई नियन्त्रणमा लिन हवाई फायर गरिएको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार पक्राउ पर्नेमा नन्दलाल सहनी, महेश सहनी र भुटी सहनी रहेका छन् । उनीहरूको साथबाट ३३ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेका तीनै जनालाई हिरासतमा राखेर लागुऔषध कारोबारसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

## एकडारा र सम्सीमा जिल्लास्तरीय ..............................................

गरिएको सात हजार लिटर क्षमताको खानेपानी ट्याङ्की तथा सम्सी गाउँपालिकामा निर्माण गरिएका दुईवटा १० हजार लिटर क्षमताका खानेपानी ट्याङ्कीको अवस्थासमेत अनुगमन गरिएको थियो विद्यालयमा विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न निर्माण गरिएको किचन, बाउन्ड्रीवाललगायतका संरचनाको अवस्थाबारे जानकारी लिइएको थियो। बालबालिकाको अध्ययन तथा सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएका सिकाइ कक्षा, बाल विकाससम्बन्धी गतिविधि तथा अन्य शैक्षिक कार्यक्रमको समेत अवलोकन गरिएको थियो। बालबालिकाको शैक्षिक तथा सिकाइ सहयोगका लागि ४५ जना बालबालिकालाई किताब, खेलौना तथा अन्य आवश्यक सिकाइ सामग्री उपलब्ध गराइएको कार्यक्रमको पनि स्थलगत अनुगमन गरिएको थियो। परियोजनाअन्तर्गत सञ्चालन गरिएका जीविकोपार्जन तथा आयआर्जनसम्बन्धी कार्यक्रमको समेत अनुगमन गरिएको थियो।

साइकल मर्मत व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई मेसिन तथा आवश्यक सामग्री सहयोग, गरिबीको रेखामुनि रहेका परिवारलाई किराना पसल सञ्चालन तथा आयआर्जनका लागि प्रदान गरिएको सहयोगको अवस्थाबारे जानकारी लिइएको थियो ।

त्यसै गरी, १५ जना सहभागीका लागि सञ्चालन भइरहेको तीनमहिने सिलाइ-कटाइ तालिम तथा तालिमका लागि उपलब्ध गराइएका आवश्यक मेसिन र सामग्रीको अवस्थासमेत अनुगमन गरिएको थियो। स्वास्थ्य संस्थातर्फ प्रसूति गृहमा गरिएको फोहोर व्यवस्थापन, निर्माण गरिएका संरचना, सेवा प्रवाह तथा स्थानीय समुदायले प्राप्त गरिरहेको लाभका विषयमा समेत स्थलगत जानकारी लिइएको थियो। अनुगमनसँगै 2026 को प्रगति विवरणसमेत सार्वजनिक गरिएको थियो। कार्यक्रममा परियोजनाको वार्षिक प्रगति, उपलब्धि, कार्यान्वयनका क्रममा देखिएका चुनौती, सिकाइ तथा आगामी कार्यदिशाका विषयमा सम्बन्धित संस्थाका प्रतिनिधिले प्रस्तुतीकरण गरेका थिए।

IRDS sf Program Manager धर्मराज उप्रेती, DSWCN का Program Coordinator उत्तिम चन्द्र चौधरी तथा World Vision International Nepal, Mahottari sf District Coordinator दिलीप यादवले आ-आफ्नो संस्थाको २०२६ को प्रगति तथा प्रमुख उपलब्धिका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा IRDS का उपाध्यक्ष तथा कोषाध्यक्ष, DSWCN का Program Advisor पुनित कुमार चौधरी तथा General Secretary रवी भूषण ठाकुरलगायतको सहभागिता रहेको थियो।

प्रगति प्रस्तुतिका क्रममा बालबालिकाको सिकाइ तथा विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, जीविकोपार्जन, बाल संरक्षण तथा समुदायको सहभागितासँग सम्बन्धित कार्यक्रमबाट प्राप्त उपलब्धि र आगामी दिनमा सुधार गर्नुपर्ने विषयमा छलफल गरिएको थियो। कार्यक्रमको अन्तिम दिन असोज ४ गते सार्वजनिक सामाजिक परीक्षण गरिएको थियो। सामाजिक परीक्षणका क्रममा परियोजना अन्तर्गत सञ्चालन भएका गतिविधि, उपलब्धि, प्रभाव, चुनौती तथा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा सरोकारवालाबीच छलफल तथा सुझाव आदानप्रदान गरिएको थियो। परियोजनाका कार्यक्रम पारदर्शी, जवाफदेही तथा सहभागितामूलक ढङ्गले स्वीकृत योजना र उद्देश्यअनुसार कार्यान्वयन भए-नभएको विषयमा लाभग्राही, समुदाय, स्थानीय सरकार, सरकारी निकाय, कार्यान्वयन साझेदार तथा अन्य सरोकारवालाबाट प्रतिक्रिया सङ्कलन गरिएको थियो ।

स्थलगत अवलोकन, लाभग्राही तथा समुदायसँगको छलफल, सरोकारवाला निकायसँगको अन्तरक्रिया तथा उपलब्ध तथ्य-प्रमाणका आधारमा परियोजनाको कार्यान्वयन अवस्था र प्रभावको समीक्षा गरिएको थियो ।

सामाजिक परीक्षणबाट प्राप्त तथ्य, सुझाव तथा सरोकारवालाको प्रतिक्रियाका आधारमा हिमावत कन्सल्ट प्रालिले सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने जनाएको छ। स्थानीय सरकार, जिल्ला तहका सरकारी तथा गैरसरकारी निकाय, कार्यान्वयन साझेदार, समुदाय तथा अन्य सरोकारवालाको सहभागितामा सम्पन्न अनुगमन तथा सामाजिक परीक्षणले HATEMALO परियोजनाका कार्यक्रमको कार्यान्वयन अवस्था, उपलब्धि, प्रभाव, पारदर्शिता तथा जवाफदेहिताबारे प्रत्यक्ष जानकारी आदानप्रदान गर्ने अवसर प्रदान गरेको आयोजकले जनाएको छ ।

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**जनहितमा जारी सन्देश**

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# ‘हरेक संकटभित्र सम्भावनाको एउटा किरण लुकेको हुन्छ’




-१० भदौ गते रसुवाको भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोर्खा र चितवन जिल्लामा ठूलो क्षति पुऱ्यायो । यो वेदना शब्दले भन्न नसकिने खालको छ । आज ती परिवारहरू पीडामा छन्, अबका दिनमा के गर्ने अलमलमा छन् । तर, उनीहरूको आँखामा अझै एउटा सपना छ - फेरि घर बनाउने, फेरि बस्ने, तर सुरक्षित ठाउँमा । आशा र सपना सबै कुरा योजनाबाट होइन, बरू सम्बन्धबाट जन्मिन्छ । आफ्नो परिवार, समुदाय र माटोसँगको सम्बन्धबाट । योजनाकारहरूको काम यहींबाट सुरु हुन्छ, त्यो आशालाई सम्मानका साथ साकार गर्नु । अब घर बनाउँदा, त्यो घर फेरि बग्ने डर नबनोस् । बरू त्यो सपना यस्तो होस् जसमा परिवारले भन्न सकुन कि यो ठाउँ हामी आफैंले छानेका हौं र हामी यही ठाउँबाट फेरि ऊठ्न सफल भयौं । त्यही सपना नै संकटको किरण हो: राहतबाट उठेर सहनशील बस्तीसम्मको यात्रा जोखिम नदोहोरिने ठाउँमा, सेवा-सुविधासहित, जीविकोपार्जनसँग जोडिएको र सबैभन्दा महत्त्वपूर्ण, सम्मानजनक बस्ती । तसर्थ भोटेकोशी-त्रिशुली करिडोरको पुनर्वास र पुनर्निर्माणका निर्णयहरूमा प्रभावित समुदायको आवश्यकता, जीविकोपार्जन, सहभागिता र सामाजिक सम्बन्धलाई केन्द्रमा राखी स्थानीय समुदायलाई योजना, स्थान छनोट र कार्यान्वयन प्रक्रियामा सक्रिय सहभागी बनाउन आवश्यक छ । प्राविधिक रूपमा सुरक्षित तर सामाजिक रूपमा एक्लो ठाउँमा सारिएका परिवारहरू बिस्तारै त्यहाँबाट फेरि पलायन हुन्छन्, किनभने त्यहाँ न स्कुल हुन्छ, न बजार, न आफन्त । सुरक्षित बस्ती भनेको जोखिमबाट टाढा मात्र होइन जीविकोपार्जन, सेवा-सुविधा र सामाजिक सम्बन्धसँग जोडिएको ठाउँ पनि हो । त्यसैले पुनर्वास र पुनर्निर्माणको योजना बनाउँदा योजनाकारहरूले एउटा कुरा सधैं सम्झनुपर्छ- हामी घडेरी छनोट गर्दैनौं, हामी मानिसको भविष्य छनोट गर्दैछौं र त्यो भविष्य तिनीहरूकै हातमा हुनुपर्छ, हाम्रो होइन । हामी वर्षौंदेखि जलवायु परिवर्तनको कुरा सुन्दै आएका छौं । बाढी, पहिरो, डुबान, भूक्षय र तातो लहरहरू तपाईंहामीलाई हरेक वर्ष दुखाइरहने घाउ बनेका छन् । हिमालदेखि तराईसम्म फैलिएको नाजुक भूबनोट, तीव्र बहाव भएका नदीहरू र कमजोर भौगर्भिक संरचना रहेको नेपालमा यस्तो विपद्को जोखिम सधैं रहन्छ भन्ने कुरा हामीलाई पहिल्यै थाहा थियो । जोखिम आउँछ भन्ने थाहा हुँदाहुँदै पनि त्यसअनुरूप बस्ती, पूर्वाधार र सुरक्षित क्षेत्रको योजना बनाउन हामी कति तयार भयौं भन्ने प्रश्न भने आज पनि उत्तिकै महत्वपूर्ण छ । हाम्रा शहरमा विभिन्न प्रकारका योजनाहरू बन्दै आएका छन् । संवेदनशील क्षेत्र, जोखिम भएका क्षेत्र, नदी र जलाधार, वन र कृषि क्षेत्रहरू पहिचान पनि हुँदै आएको छ । यी नक्साले ‘कहाँ संरचना मिल्छ, कहाँ मिल्दैन’ भन्छन् तर एउटा प्रश्न अझै छ- आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने सुरक्षित खुला क्षेत्र, अस्थायी आश्रयस्थल र सुरक्षित पहुँच मार्गलाई के हामीले त्यही योजनाको अभिन्न अंग बनाएको छौं ? विपद् आएपछि मानिसलाई कहाँ लैजाने ? बाढी आएपछि कहाँ राख्ने ? पहिरोपीडित परिवार कहाँ बस्ने ? भूकम्प आयो भने खुला सुरक्षित स्थान कहाँ ? राहत कहाँबाट परिचालन गर्ने ? मुख्य सडक अवरुद्ध भए वैकल्पिक बाटो कहाँ ? यी कुराको खासै सोचिएको छैन । त्यसैले विपद् आएपछि सुरक्षित क्षेत्र खोज्न समय लगाउने कि, विपद् आउनुअघि नै पहिचान गरी छुट्याएर राख्ने ? अहिलेको महत्वपूर्ण प्रश्न हो ।

सुरक्षित क्षेत्र भनेको विपद्पछि खोजिने कुनै खाली जग्गा होइन, यो योजनाबद्ध शहर निर्माणको महत्वपूर्ण भाग हुनुपर्छ । वातावरणीय संवेदनशीतासँगैसुरक्षित क्षेत्र पनि पहिल्यै पहिचान गरी ‘भूमि उपयोग नक्सा’ मै समावेश हुनुपर्छ । जसरी हामी आवास, व्यापार, उद्योग, सडक, विद्यालय, अस्पताल र पार्कका लागि भूमि छुट्याउँछौं- त्यसरी नै आकस्मिक सेल्टर र सुरक्षित क्षेत्रका लागि पनि भूमि पहिल्यै छुट्याऔं, संरक्षण गरौं । आजको योजनाले भोलिको आँसु रोक्न सक्छ । तसर्थ व्यवस्थित शहरी योजनाले प्राकृतिक जोखिम न्यूनीकरणमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छ । बढ्दो सहरीकरण, जलवायु परिवर्तन र हरेक वर्ष बढ्ने बाढीको खतराका साथमा विश्वका धेरै शहरहरूले आफ्नो नदी र जलनिकास प्रणालीलाई फेरि हेर्न थालेका छन् । यसै क्रममा सिंगापुरको ‘बिशान-आङ मो कियो पार्क’ मा गरिएको ‘प्रकृतिमा आधारित नदी व्यवस्थापन एउटा उदाहरण हो । जसमा कंक्रिटको नहरलाई प्राकृतिक नदीमा बदलिएको थियो, बाढी आउने ठाउँलाई विभिन्न उद्देश्यका लागि प्रयोग गर्न योग्य सार्वजनिक ठाउँमा परिणत गरिएको थियो । अनि नदीको किनारमा हरियाली कारिडोर बनाइएको थियो । यस्तै सिंगापुरका अन्य विभिन्न कार्यक्रमले ढल निकास, नहर र जलाशयलाई वरपरको भू-दृश्य तथा सार्वजनिक स्थानसँग एकीकृत गर्ने प्रयास गरेको छ । नेपालका लागि यो अझ बढी सम्बन्धित हुन सक्छ । नदीको किनारको बस्ती तथा ठूला ठूला भौतिक पूर्वाधार तथा योजनाहरूमा कतिसम्म क्षति हुन सक्छ भन्ने कुरा पछिल्लो बाढीले देखाएको छ ।

सिंगापुरको ‘प्रकृतिमा आधारित नदी व्यवस्थापन’ बाट हामीले सिक्न सक्छौं कि नदीलाई नियन्त्रण गर्ने प्रयास गर्नु भन्दा नदीको साथमा मानिसको बस्ती र संरचनालाई अनुकूल बनाउन आवश्यक छ । जोखिमपूर्ण किनार क्षेत्रलाई बस्न योग्य नभएको तर बाढी सम्हाल्न सक्ने खुला वा स्पंज पार्कको रूपमा राख्नुपर्छ ।

यसले सामान्य समयमा सार्वजनिक उपयोगिता प्रदान गर्ने गर्दछ र बाढीको समयमा जीवन र सम्पत्ति जोगाउन सक्छ । रसुवा-नुवाकोटको त्रासदीले, काठमाडौं उपत्यकालगायत नेपालको सबै नदी करिडोरमा यस्तो प्राकृतिक आधारित र बाढी टिकाऊ योजना अपनाउनु वातावरणीय सुन्दरताको विषय मात्र नभई मानव जीवन जोगाउने आवश्यक आवश्यकता हो भन्ने कुरा स्पष्ट गरेको छ । त्यस्तै कोपनहेगनको एकीकृत शहरी योजना, जहाँ भूमि उपयोग, यातायात, हरित-जल पूर्वाधार र वातावरणीय जोखिम व्यवस्थापनलाई एउटै प्रणालीको रूपमा हेरिन्छ । कोपेनहेगनको फिंगर प्लानले प्रमुख सार्वजनिक यातायात करिडोरलाई आधार बनाएर शहरी विस्तारको दिशा निर्धारण गर्ने अवधारणा अघि बढाएको छ । जलवायु परिवर्तन तथा वातावरणीय जोखिमलाई शहरी योजनाको अभिन्न अंगको रूपमा समेटिएको छ । हरित क्षेत्र, जलाशय, जलमार्ग तथा प्राकृतिक प्रणालीलाई संरक्षण र व्यवस्थापन गर्दै ‘हरित-जल पूर्वाधार’ मार्फत वातावरणीय दिगोपन तथा जलवायु अनुकूलनलाई शहरी विकाससँग जोडिएको छ ।

त्यस्तै डेनमार्कको कोपेनहेगनले भारी वर्षाका घटनापछि ‘क्लाउडबर्स्ट म्यानेजमेन्ट प्लान्ट’ मार्फत शहरको निकास प्रणाली र सडक संरचनालाई पुनर्विचार गरेको छ । विश्वका विभिन्न शहर र देशका अनुभवले नेपालमा शहरी विकास, नदी करिडोर, पूर्वाधार र विपद् जोखिम व्यवस्थापनलाई छुट्टाछुट्टै नभई एकीकृत रूपमा हेर्नुपर्ने देखाउँछन् । कोपेनहेगनले विकास करिडोर, सार्वजनिक यातायात पहुँच तथा हरित-जल पूर्वाधारलाई जोडेर योजनाबद्ध र जोखिम-संवेदनशील विकासको अवधारणा अघि सारेको छ । यसबाट नदी करिडोरको विकास अनियन्त्रित रूपमा नभई दिगो र जोखिमलाई ध्यानमा राखेर गर्नुपर्ने पाठ मिल्छ । क्युरिटिबा, ब्राजिलको अनुभव अझ महत्त्वपूर्ण छ । त्यहाँ भूमि उपयोग, यातायात, सडक सञ्जाल, पूर्वाधार र वातावरणीय योजनालाई एउटै शहरी योजना प्रणालीमा जोडिएको छ ।

यसको अनुसन्धान तथा शहरी योजना संस्थानले दीर्घकालीन योजना, तथ्यमा आधारित निर्णय र प्राविधिक क्षमता कायम राख्दै आएको छ । सार्वजनिक यातायात र संरचनात्मक करिडोर वरिपरि शहरी विकास केन्द्रित गरेर अनियन्त्रित विस्तारलाई नियन्त्रण गरिएको छ । त्यहाँका पार्कलाई मनोरञ्जनका लागि मात्र नभई बाढीको पानी अस्थायी रूपमा भण्डारण गर्ने जल-जोखिम व्यवस्थापनको पूर्वाधारका रूपमा समेत प्रयोग गरिएको छ ।

नेपालमा भने भूमि उपयोग, यातायात, खानेपानी तथा ढल र विपद् व्यवस्थापन विभिन्न निकायमा विभाजित छन् । यी निकायबीच समन्वय कमजोर हुँदा संस्थागत विखण्डनको समस्या देखिन्छ । नेपालमा समस्या आएपछि अस्थायी समिति वा कार्यदल बनाउने, आयोजना सकिएपछि त्यसलाई विघटन गर्ने प्रवृत्ति छ । यसले संस्थागत ज्ञान र अनुभवलाई निरन्तरता दिन दिँदैन । क्युरिटिबाको अनुभवले भने आफ्नै अनुसन्धान, तथ्याङ्क, प्राविधिक जनशक्ति र दीर्घकालीन योजना कार्यान्वयन तथा अनुगमन गर्ने स्थायी प्राविधिक संस्था आवश्यक रहेको देखाउँछ । नेपालले पनि यस्तो बलियो संस्थागत संयन्त्र विकास गर्नुपर्ने देखिन्छ । नेदरल्यान्ड्सको अनुभवले अर्को आधारभूत पाठ दिन्छ- पहिले जोखिम मूल्यांकन त्यसपछि विकास ।

त्यहाँ पानी र भू-प्रणालीलाई शहरी विकासको आधारभूत तत्व मानिन्छ । विकास गर्ने ठाउँ छनोट गर्नुअघि बाढीको जोखिम, वातावरणीय संवेदनशीलता, भू-उपयोग, जनसंख्या र पूर्वाधार क्षमतालाई तथ्याङ्क तथा नक्साका आधारमा मूल्याङ्कन गरिन्छ । उच्च जोखिम भएका क्षेत्रमा विकासलाई नियन्त्रण, अनुकूलन वा उपयुक्त व्यवस्थापनका उपायसँग जोडिन्छ । नेपालको त्रिशूली करिडोर यसको ठीक विपरीत ढंगले विकसित भएको उदाहरण हो ।

*साभार : अनलाइन खबर ।*

“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“



सम्पर्क —: दिलीप कुमार साह :—
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

## जनहितमा जारी सन्देश

(१) सबै पालिकाबासीले आफ्नो टोल, चौक, गल्ली, बाटोघाटोको सबै सार्वजनिक जग्गा, मठमन्दिर, पाटी पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।
(२) पालिकालाई बुझाउनुपर्ने करहरु (सम्पति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसाय कर लगायतका अन्य किसिमका कर तथा दस्तुरहरु) समयमै तिरौं ।
(३) पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
(४) व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गरौं ।
(५) पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै पालिकावासीले सहयोग गरौं ।
(६) सभ्य र समृद्ध पालिका निर्माणमा सबेले हातेमालो गरेर अघि बढौं ।

**अनुरोधकर्ता**
**लक्ष्मीनियां गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday